नेपाल सरकार
गौरादह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौरादह, झापा ।

तेस्रो पटक प्रकाशित मिति :-२०७७/०२/०४ गते ।
(दरभाउपत्र सूचना नं. ६)

# इलेक्ट्रोनिक्स सामान (ल्यापटप, डेक्सटप कम्प्युटर, प्रिन्टरहरु खरिद सम्बन्धि शिलबन्दि दरभाउपत्र आह्वानको सूचना

यस नगरपालिकाको लागि चालु आ.ब. २०७६/०७७ का लागि आवश्यक पर्ने इलेक्ट्रोनिक्स सामान (ल्यापटप, डेक्सटप कम्प्युटर, प्रिन्टर) दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इच्छुक फर्म/कम्पनी वा सप्लायर्सहरु बाट निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

- दरभाउपत्र फारम खरिद गर्न नविकरण गरिएको फर्म तथा कम्पनी दर्ता प्रमाण पत्र,सामान बिक्रि गर्ने इजाजतपत्र,आयकर दर्ता प्रमाण पत्र र मुल्यअभिबृद्धि कर दर्ता प्रमाण,नागरिकताको प्रमाण पत्र,आ.ब. २०७६/७७ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु तेस्रो पटक सूचना प्रकाशित भएको मितिले छैटौ दिन सम्म कार्यालय समय भित्र रु १०००/-अक्षरेपि रु.एक हजार मात्र (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कलै रसिद निवेदनसाथ रु १०/- को हुलाक टिकट टाँसि संस्थाको प्रोपाईटर वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र फारम खरिद गर्न सक्नेछ । दरभाउपत्र यस कार्यालयवाट कार्यालय समयमा सम्पर्क गरी खरिद गर्न सकिने छ ।
- खरिद गरेको दरभाउपत्र रितपूर्वक भरि सिलबन्दी गरी तेस्रो पटक सूचना प्रकाशित भएको मितिले सातौं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ र दर्ता हुन आएका दरभाउपत्र फारम सरकारी प्रतिनिधिहरु र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा तेस्रो पटक सूचना प्रकाशन भएको मितिले सातौ दिन दिनको २.०० बजे यस कार्यालयमा खोलिनेछ । सिलबन्दि दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्नमा वाधा पर्नेछैन ।
- सिलबन्दि दरभाउपत्रमा जमानत वापत इस्टिमेट अंकको ३ प्रतिशत (तीन प्रतिशत) ले हुन आउने रकम मान्यता प्राप्त क बर्गको वाणिज्य बैंकको जमानतपत्र वा गौरादह नगरपालिकाको कार्यालय झापाको एन. आइ. सि. एशिया बैङ शाखा गौरादहमा रहेको धरौटी खाता न. GA387CA750361152401 मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर दरभाउपत्र साथ पेश गर्नु पर्ने छ । वा कम्तिमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी मान्यता प्राप्त बैंकको जमानत पत्रको सक्कल प्रति पेश गर्नुपर्नेछ ।
- दरभाउपत्र दर्ता गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेको खण्डमा सोको भोलीपल्ट सोही समयमा हुनेछ ।
- दरभाउपत्र स्वीकृत भएपछि सम्झौतागर्न आउँदा कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकवाट यस कार्यालयको नाममा माग गरे अनुसार म्याद भएको जमानत पत्र सक्कलै पेश गर्नुपर्नेछ ।
- सिलवन्दि दरभाउपत्र दाताले कबोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दरलाई मान्यता दिईनेछ । केरमेट वा थपघट गर्नु पर्ने भएमा बुझिने गरि सो काटिएको वा थपिएको स्थानमा दायाँ,वायाँ आधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्नेछ ।

खेमराज ओली
अधिकृत

- आ.ब. ०७६/०७७ का लागी सामानहरु खरिदमा थप रकम व्यवस्था भई आएमा यसै दररेट अनुसार खरिद हुनेछ । दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.ब.का लागी भएकाले आगामी असार मसान्त सम्म कुनै प्रकारको मूल्यवृद्धिलाई स्वीकार गरिनेछैन ।
- कार्यालयबाट सिलबन्दी दरभाउपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र फारम खरिद गर्नुपर्नेछ । आधिकारिक दस्तखत र कार्यालयको छाप नलागेको वा फोटोकपी दरभाउपत्र फारम मान्य हुनेछैन ।
- रित नपुगेको,म्याद नाघि आएको वा कुनै किसिमको शर्त राखि प्राप्त हुन आएको सिलवन्दि दरभाउपत्र माथि कुनै कारवाही हुनेछैन ।
- पेश हुन आएका दरभाउपत्रहरु पुर्ण वा आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- यस कार्यालयमा सामानहरु आपूर्ति गर्दा लाग्ने ढुवानी,प्याकिङ्ग तथा अन्य खर्चहरु दरभाउपत्रदाता स्वयमले व्यहोर्नु पर्नेछ ।
- यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।
- शिलबन्दि दरभाउपत्र सम्वन्धि अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

तपसिल :-

| क्र.स. | विवरण | ईष्टिमेट अंक | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १. | इलेक्ट्रोनिक्स सामान (ल्यापटप, डेक्सटप, प्रिन्टरहरु) | १००००००/- | ३००००/- | मु.अ.कर तथा ओभर हेड सहित |

खेमराज ओली
प्रमुख प्रशासकीय अधिकृत